पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, चैत्र २७ गते, २०८२ साल (संख्या २०

## भाग २

## पोखरा महानगरपालिका खेलकुद संचालन खर्च निर्देशिका, २०७८ लाई संशोधन गर्न बनेको निर्देशिका, (पहिलो संशोधन) २०८२

**प्रस्तावना**ः पोखरा महानगरपालिका खेलकुद संचालन खर्च निर्देशिका, २०७८ मा समसामयिक सुधार गर्न वाञ्छनीय भएकोले, नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिका को नाम "पोखरा महानगरपालिका खेलकुद संचालन खर्च (पहिलो संशोधन) निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा सूचना प्रकाशन भएपछि लागु हुनेछ।

२. **पोखरा महानगरपालिका खेलकुद संचालन खर्च निर्देशिका, २०७८ को परिच्छेद –३ (ख) को** ...पोखरा महानगरपालिका पछि "**अधिकृत स्तर छैटौ तहमा कर्मचारीले पाउने शर्त र सुविधा सम्बन्धी व्यवस्था बमोजिम हुनेछ।**" भन्ने शब्दहरुको सट्टामा "**स्थानीय प्रशासन सेवाको वरिष्ठ प्रशासान सहायक (सहायकस्तर पाचौं तह) को शुरु तलबस्केल बराबरको तलब, भत्ता पाउनेछ।**" भन्ने शब्दहरु राखिएको छ।

**प्रमाणिकरण मिति**

२०८२।१२।२७

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**